प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. १
विराटनगर, नेपाल

फोनः ०२१-४७०१४३
email: molmac.biratnagar@gmail.com

पत्र संख्याः- ०७८/७९
चलानी नं.:- ३४४

मितिः- २०७८/०८/०१

विषयः- परिपत्र सम्बन्धमा।

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १ विराटनगर, मोरङ ।
श्री कृषि विकास निर्देशनालय
प्रदेश नं. १ विराटनगर, मोरङ ।

प्रस्तुत विषयमा कृषि क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिईने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई कार्यान्वयन गर्न प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ (२०७८/०५/१० गते प्रदेश राजपत्रमा प्रकाशित) लागू भई सकेको हुँदा कार्यन्वयनका लागी अनुरोध छ । कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७) अन्तर्गत संचालन हुने कार्यक्रमहरु उल्लिखित ऐन अनुसार कार्यान्वयन गर्नुपर्ने भएकोले ऐन कार्यान्वयका क्रममा विशेष गरी तपसिलका बुँदा अनुसार कार्यान्वयन हुन तथा मातहतका सम्बन्धित निकायहरुमा परिपत्र हुन अनुरोध गर्दछु । प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७) मन्त्रालयको वेवसाईटबाट प्राप्त गर्न तथा हेर्न सक्नुहुनेछ ।

.....................................
डा. रामनन्दन तिवारी
(सचिव)

सचिव

तपसिल

| सि.नं. | दफा/उपदफा | विषय |
|---|---|---|
| १ | दफा ३ को उपदफा (२) | एक अनुदान ग्राहिलाई एक आर्थिक बर्षमा एउटा कामका लागि मात्र अनुदान उपलब्ध गराउनु पर्ने । |
| २ | दफा ३ को उपदफा (३) | एक करोड वा सो भन्दा माथि अनुदान प्राप्त गर्ने अनुदानग्राहिले चरणवद्ध रुपमा कुल अनुदानको पैंतिस प्रतिसत रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने । |
| ३ | दफा ३ को उपदफा (५) | अनुदान प्राप्त गर्ने अनुदानग्राहिले आफ्नो व्यवसायको निरन्तरता अवधी सार्वजनिक गर्नुपर्ने । |
| ४ | दफा ६ को खण्ड (क) | प्रस्तावको निवेदन पेश गर्दा अन्य कागजात लगायत सम्बन्धित स्थानीय तहको सिफारिस समेत पेश गर्नु पर्ने । |
| ५ | दफा ६ को खण्ड (छ) | एक पटक संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन बर्षसम्म कुनै अनुदान उपलब्ध नगराउने । |
| ५ | दफा ६ को खण्ड (ज) | किस्ता भुक्तानिका लागि अघिल्लो किस्ताको कार्य सम्पन्न प्रतिवेदन र सम्बन्धित स्थानिय तहको सिपारिस पेश गर्नु पर्ने । |
| ६ | दफा ७ | ऐनको दफा ६ बमोजिमको सम्झौता भए पछी सम्पूर्ण अनुदानग्राहीको नाम, ठेगाना र अनुदान रकम सम्बन्धी विवरण प्रदेश सभाको सम्बन्धित समिति र सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्ने र मन्त्रालयको वेबसाईट मार्फत समेत सार्वजनिक गर्नुपर्ने । |

सचिव

बोधार्थः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय          जानकारीको लागि ।

प्रदेश नं. १ विराटनगर, नेपाल